# फिदिम नगरपालिका शिक्षा (पहिलो संसोधन) नियमावली २०७९

कार्यपालिकाबाट स्विकृत मिति  २०७९।०३।३१

प्रमाणिकरण मिति २०७९।०४।०१

फिदिम नगरपालिका शिक्षा नियमावली २०७४ लाई संसोधन गर्न बान्छनिय भएकोले, फिदिम नगरपालिका शिक्षा ऐन २०७४ को दफा ४९(१) ले दिएको अधिकार प्रयोग गरि फिदिम नगर कार्यपालिकाले यो नियमावली  जारी गरेको छ ।

१) संक्षिप्त नाम र प्रारम्भ :

(१) यो नियमावलिको नाम "फिदिम नगरपालिका शिक्षा (पहिलो संसोधन) नियमावली २०७९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुने छ ।

२) फिदिम नगरपालिका शिक्षा नियमावली २०७४ को नियम ६ पछि देहायको नियम ६ क  थप गरिएको छ ।

६ क   संस्थागत बिध्यालय स्थान्तरण सम्बन्धि ब्यबस्था : संस्थागत बिध्यालय स्थान्तरणगर्दा देहाय बमोजिम मात्र हुने छ ।

(क) नगरपालिका भित्रका संस्थागत बिध्यालय स्थान्तरण : नगरपालिका क्षेत्र भित्र अनुमति पाप्त गरि सञ्चालन भएका संस्थागत बिध्यालय एक स्थान बाट अर्को स्थानमा स्थानान्तरण गर्न  चाहेमा निम्न बमोजिमका कागजात सम्लग्न राखि शैक्षिक सत्र सुरुहुनु भन्दा दुई महिना अगाबै नगर कार्यपालिकाको कार्यालयमा अनुसूचि ४ बमोजिमको ढाँचामा निबेदन दिनु पर्ने छ ।

(१) बिध्यालय सञ्चालनको अनुमति पत्रको प्रतिलिपि ।

(२) जुन स्थान बाट बिध्यालय स्थान्तरण हुनेहो सो स्थानको वार्ड कार्यालयको सिफारिस पत्र ।

(३) जुन स्थानमा बिध्यालय स्थान्तरण हुनेहो उक्त स्थानको वार्ड कार्यालयको स्थान्तरण सहमति सिफारिस पत्र ।

(४) बिध्यालय जुन स्थानमा स्थान्तरण भैआउनेहो उक्त स्थानको सबै भन्दा नजिकको सामुदायिक

बिध्यालयको स्थान्तरण सहमति सिफारिस पत्र ।

(५) बिध्यालय स्थान्तरण सम्बन्धि बिध्यालय ब्यबस्थापन समितिको निर्णय ।

(६) चालु कक्षा थपको अनुमति पत्रको प्रतिलिपि ।

(७) सस्था दर्ता नविकरण,लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी ।

(८) विद्यालयको शैक्षिक सत्रको इमिस भरेको विद्यालयको कोड नम्वर ।

(९) आयकर दर्ता ( स्थायी लेखा नं.) , अघिल्लो बर्षसम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

(१०) तह अनुसारको धरौटी रकम राखेको भौचर ।

(११) विद्यालयले विद्यार्थी संग लिने शुल्क प्रस्ताव स्वीकृत गरिएको प्रतिलिपी ।

(१२) स्थानान्तरण हुने विध्यालयको स्थान्तरण हुने स्थानमा आफ्नो स्वामित्वमा घर जग्गा नभएमा

न्यूनतम् ५ बर्षसम्म अबधि भएको सम्फौता गरेको कागजको प्रतिलिपि ।

(ख) अन्तर स्थानीय तह बिध्यालय स्थान्तरण सम्बन्धि ब्यबस्था :

कुनै एक स्थानीय तहमा बिध्यालय सञ्चालनको अनुमति प्राप्त गरि सञ्चालन भएको संस्थागत बिध्यालय अर्को स्थानीय तहमा स्थानान्तरण गर्न चाहेमा निम्न बमोजिमका कागजात सम्लग्न राखि शैक्षिक सत्र सुरुहुनु भन्दा दुई महिना अगाबै नगर कार्यपालिकाको कार्यालयमा अनुसूचि ४ को ढाँचामा निबेदन दिनु पर्ने छ ।

(१) बिध्यालय सञ्चालन अनुमति पत्रको प्रतिलिपि ।

(२) बिध्यालय सञ्चालक समितिको बिध्यालय स्थान्तरण सम्बन्धि निर्णय ।

(३) जुन स्थानीय तहबाट बिध्यालय स्थान्तरण हुनेहो उक्त स्थानीय तहको सहमति सिफारिस पत्र ।

(४) जून स्थानमा बिध्यालय स्थानान्तरण भै आउनेहो उक्त स्थानको वार्ड कार्यालयको बिध्यालय

स्थानान्तरण सहमति सिफारिस पत्र ।

(५) जुन स्थानमा बिध्यालय स्थानान्तरण भै आउनेहो उक्त स्थानको नजिकमा रहेको सामुदायीक

बिध्यालयको सहमती पत्र ।

(६) चालु कक्षा थप अनुमति पत्रको प्रतिलिपि पत्र ।

(७) सस्था दर्ता नविकरण र लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी ।

(८) विद्यालयको शैक्षिक सत्रको इमिस भरेको विद्यालयको कोड नम्वर ।

९) आयकर दर्ता ( स्थायी लेखा नं.) , अघिल्लो बर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

(१०) तह अनुसारको धरौटी रकम राखेको भौचर ।

(११) विद्यालयले विद्यार्थी सग लिने शुल्क प्रस्ताव स्वीकृत गरिएको प्रतिलिपी ।

(१२) विद्यालयमा कार्यरत शिक्षक ,कर्मचारीहरुको सेवा शर्त सम्वन्धी विनियमावलीको प्रतिलिपी ।

(१३) विद्यालयले पठन पाठन गराउने पाठ्यक्रम विकास केन्द्रद्धारा सुचीकृत पाठ्यपुस्तकको विवरण ।

(१४) स्थानान्तरण हुने विध्यालयको स्थान्तरण हुने स्थानमा आफनो स्वामित्वमा भवन तथा जग्गा
नभएमा न्यूनतम् ५ बर्ष सम्म समयाबधिको सम्फौता गरेको कागजको प्रतिलिपि ।

(१५) बिध्यालय सञ्चालन सम्बन्धि कम्पनि रजिष्टारको कार्यालय वा गुठि दर्ता स्विकृत प्रबन्ध
पत्रको प्रतिलिपि ।

(ग) उपनियम (क) वा (ख) बमोजिमको निबेदन प्राप्त हुन आएमा नगरपालिकाको कार्यालय शिक्षा युबा तथा
खेलकुद शाखा बाट अनुगमन गरि प्रतिबेदन पेश गर्नु पर्ने छ ।

(घ) उपनियम (ग) बमोजिम प्रतिबेदन बाट बिध्यालय स्थानान्तरण गर्न आबश्यक कागजाज सहितको सिफारिस
उचित देखिएमा नगर शिक्षा समितिको बैठमा उक्त प्रतिबेदन पेश गर्नु पर्ने छ ।

(ङ) उपनियम (घ) बमोजिम नगर शिक्षा समितिको बैठकबाट बिध्यालय स्थानान्तरण को सिफारिस प्राप्त भए पछि
नगर कार्यपालिकाको बैठक बाट बिध्यालय स्थानान्तरणको स्विकृत प्रदान गर्न सक्नेछ ।

(च) उपनियम (ड) बमोजिम नगरकार्यपालिका बाट बिध्यालय स्थान्तरण सम्बन्धि अनुमति प्रदान गर्दा सामान्यतया
शैक्षिक सत्र सुरुहुनु भन्दा अगाडिनै प्रदान गर्नु पर्ने छ ।